# गुठीका सदस्य-सचिव श्री कुन्द मणि दीक्षितबाट धन्यवाद ज्ञापन

**आदरणीय अध्यक्षज्यू, श्रद्धेय स्वामी आचार्य नाङ्वाङ शेर्पाज्यू, सम्मानित श्री राधा पौडेल तथा शिव रेग्मीज्यू तथा उपस्थित महिला तथा सज्जन वृन्द !**

सञ्चारको विश्वव्यापी विस्तारसँग यो मदन पुरस्कार गुठी पनि आधुनिक हुँदै गएको लक्ष्य गर्नु भयो होला। हाम्रो आजको यो समारोह र कार्यक्रम ऐले नै प्रत्यक्ष प्रसारण भैरहेको छ इन्टरनेटको लाइभ स्ट्रीमीङ्बाट। यसअघि गुठीको साधारणसभाले यस वर्षको पुरस्कारको निर्णय गर्नसाथ सभाकक्षबाटै ट्वीटर मार्फत् त्यो खबर तत्कालै विश्वव्यापी भएको हो। त्यसैले साइबरको अन्तर सञ्जाललाई सर्वप्रथम म धन्यवाद भन्छु।

राधाजी तथा शिव रेग्मीजी तपाईंहरूले 'मदन पुरस्कार' र 'जगदम्बाश्री' बाट सम्मानित भैदिएर हामीहरूलाई सम्मानित तुल्याई दिनुभएको छ। राधा पौडेलजी, राज्यबाट बिर्सिएकाहरूलाई तपाईंले सम्झनुभएको छ। 'खलंगामा हमला'को वाक्य वाक्यमा नेपाल र नेपालीहरू प्रति तपाईंको माया झल्किन्छ। त्यस्तै शिव रेग्मीजी, तपाईं हामी जस्तो मामूली पत्रकारिता होइन, तपाईंले त पत्रकारिता मार्फत् नेपाली साहित्यका लागि जीवनभर सेवा गरिदिनुभएको छ। तपाईंहरू दुबै जनालाई सबैभन्दा धेरै धन्यवाद !

श्रद्धेय मान्यवर आचार्य शेर्पाज्यू, तपाईंको सारगर्भित तथा ओजस्वी विद्वद् प्रवचनले हामीहरूको ज्ञानवृद्धि गरेको छ। तपाईंलाई सहस्र धन्यवाद छ।

गुठीका मेरा अग्रज तथा मार्गदर्शक सदस्यज्यूहरूमा पनि म यथायोग्य धन्यवाद चढाउँछु। नेपाली भाषा साहित्यको ज्ञान प्रदान गर्दै लगिदिनुभएको छ तपाईहरूले। म तपाईहरूको गुन मान्छु र धन्यवाद टक्राउँदछु।

पुरस्कारका लागि गठित समिति उपसमिति तथा परीक्षकज्यूहरूमा पनि म आभार प्रकट गर्दै धन्यवाद भन्छु। गुठीका वर्षव्यापी कामकारवाईका तारतम्य सुचारू रूपले सम्पन्न गर्ने गुठीका अत्यन्त्य अनुभवी कार्यालय सचिव श्री गजेन्द्रनाथ रेग्मीलाई म कृतज्ञता पूर्वक धन्यवाद दिन्छु। उहाँ नभएको भए मलाई काम गर्न हम्मे पर्थ्यो।

जगदम्बा प्रेसका पदाधिकारी तथा कर्मचारीहरूको पनि मैले गुन मान्नु पर्छ। उहाँहरूले मलाई धेरै सहयोग गर्नुभएको छ गुठीको काममा। पो यु सां प लाई धेरै धन्यवाद छ, मेरा पिताजी, गुठीको अध्यक्षज्यूका विषयका दुई पुस्तक प्रकाशित गरेकोमा मात्र होइन त्यसका यतिका प्रति यहाँ निःशुल्क उपहार गर्न पठाएकोमा समेत।

रातो बंगला स्कूललाई पनि धन्यवाद। किनभने आजको यो सभास्थलको व्यवस्थापन लगायत तल तयार पारिएका चिया खाजाको लागि समेत स्कूलका पदाधिकारीहरू तथा कर्मचारीको अमूल्य सहयोग भैरहेको छ। धन्यवाद !

अनि हाम्रा आजका सम्मानित "व्यौला" हरूलाई ओकल्याउने कार्य गर्ने महामनाहरूलाई पनि अनेकानेक धन्यवाद निवेदन गर्दछु।

अन्त्यमा हाम्रा आजका अतिथिगणमा पनि म आभार व्यक्त गर्दछु। यतिको ठूलो संख्यामा तपाईहरू यहाँ उपस्थित भैदिनाले हामी प्रोत्साहित भएका छौं। धेरै धन्यवाद !